CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #५६

११।५।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## हाल सम्म कोभिड - १९ को सम्बन्धमा नियम उलंघन गर्ने विरुद्ध सरकारले चालेका कदम

### मास्क प्रयोग नगरी हिड्ने

४,६४,२१६ जना व्यक्तिलाई नियन्त्रणमा लिईएको

३,९०,५४५ जनालाई सम्झाईबुझाई छाडिएको

४२,०६५ जनालाई मास्क वितरण गरी सम्झाई बुझाई पठाईएको

३१६०६ लाई जरिवाना गरी छाडिएको



### अनुमतिबिना काठमाण्डौ उपत्यका प्रवेश गर्न खोज्नेलाई नाकाबाट फिर्ता गरिएको



८६२१ सवारी साधन



२०,८७६ यात्रु

स्रोत: https://www.moha.gov.np/post/press-release-2034

## नेपाल अपडेट



कार्यालयका एक कर्मचारीलाई कोरोना देखिएपछि जिल्ला प्रशासन कार्यालय मुगुले बुधबारदेखि लागू हुने गरी एक साताका लागि बजार क्षेत्र सिल

तस्बिर: राज बहादुर शाही

**परिक्षण**


पिसिआर परिक्षण: ६,४७,८८१

पोजेटिभ: ३५,५२९

उपचाररत: १५,२७३

मृत्यु : १८३






Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



उपत्यकामा भदौ १७ गते सम्मलाई निषेधाज्ञा थपियो रे । पसल खोल्ने सम्बन्धी नयाँ नियम छ भन्ने सुनिन्छ, त्यो भनेको के हो ?

हैन । सबै विदेशी नागरिकलाई नेपाल आउन दिने भनेको हैन । नेपाल स्थित विदेशी दुतावासका कर्मचारी, संयुक्त राष्ट्र संघ अन्तरगतका १८ वटा संस्थाका कर्मचारी र १५ वटा विकास साझेदार संस्थाका कर्मचारी र तिनका परिवारका सदस्यलाई मात्र तोकिएको मापदण्ड पालना गरी नेपाल आउन दिने भनिएको हो ।

स्रोत: https://daokathmandu.moha.gov.np/public/upload/



त्रिभुवन विश्व विद्यालयले आफ्ना सबै विद्यार्थीलाई सम्पर्क गर्नु भनेको समाचार के हो ?

हैन । सबै विदेशीलाई नेपाल आउन दिने भनेको हैन । नेपाल स्थित विदेशी दुतावासका कर्मचारी, संयुक्त राष्ट्र संघ अन्तरगतका १८ वटा संस्थाका कर्मचारी र १५ वटा विकास साझेदार संस्थाका कर्मचारी र तिनका परिवारका सदस्यलाई मात्र तोकिएको मापदण्ड पालना गरी नेपाल आउन दिने भनिएको हो ।

स्रोत: https://www.tourism.gov.np/files/



त्रिभुवन विश्व विद्यालयले सबै विद्यार्थीलाई आफ्ना सबै विद्यार्थीलाई सम्पर्क गर्नु भनेको समाचार के हो ?

अहिलेको महामारी तुरुन्तै नियन्त्रणमा लिनसक्ने स्थिती नरहेकोले विश्वविद्यालयले पठनपाठनको वैकल्पिक विधिबाट कक्षा सञ्चालन गर्न आफ्ना सबै शिक्षक, कर्मचारी तथा अध्ययनरत विद्यार्थीहरुको ईमेल आई.डी. तयार गर्दै अनलाईन विधिबाट पठनपाठन सञ्चालन गरिरहेको छ । तर, हाल सम्म पनि कतिपय विद्यार्थीहरु आफु अध्ययनरत विभाग तथा क्याम्पसहरुको सम्पर्कमा नआएकोले पठनपाठन तथा स्थगन गरिएका परिक्षा व्यवस्थापन गर्न समस्या भएकोले सम्पूर्ण विद्यार्थीलाई आफु अध्ययनरत विभाग तथा क्याम्पसमा तुरुन्त सम्पर्क राखी पठनपाठनमा सहभागी हुनु भनेर त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालयले सूचना जारी गरेको हो ।

स्रोत: https://cutt.ly/7fsMKy7



फेरी ठाउँठाउँमा निषेधाज्ञा जारी भएदेखी किशानले वस्तु ढुवानी गर्न पाएनन् भन्ने गुनासो आईरहेको छ नी ?

नेपालमा कोरोना भाईरसको संक्रमणको जोखिम दिन प्रतिदिन बढ्दै जाँदा ठाउँठाउँमा चरणवद्ध लकडाउन र सिल गर्ने काम भईरहेको छ । यसबाट आपूर्ति प्रणालिमा अवरोध भईरहेको छ । यसलाई मध्यनजर गर्दै, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले अन्तरराष्ट्रिय व्यापार र औषधी, खाद्यवस्तु लगायतका अत्यावश्यक सामाग्रीको निर्वाध ढुवानी गराउन र किसानको उत्पादन बजारसम्म पुर्‍याउनमा कुनै अवरोध नहुने सुनिश्चित गराउनका लागि सबै स्थानीय प्रशासनलाई निर्देशन गरिएको छ ।

स्रोत: https://www.mofaga.gov.np/news-notice/2040

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19** को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,१०,८३६ संक्रमित | ८२,२७१ संक्रमित | ५०,३९३ संक्रमित | १,१७,७४२ संक्रमित | ६८,०२० संक्रमित | ८४,८१८ संक्रमित | ९,२९१ संक्रमित | १८,७०६ |
| १८७५ नेपाली संक्रमित | १६५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २२,५०० नेपाली संक्रमित | २४०० नेपाली संक्रमित | ४५ नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | |
| ११ मृत्यु भएका नेपाली | ७ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १६ मृत्यु भएका नेपाली | ३० मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |





स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## विदेशबाट हुने उडान सम्बन्धी महत्वपूर्ण जानकारी

- कुवेतबाट २८ र ३१ तारिखमा नेपाल जानेहरूले पिसिआर गर्नु नपर्ने, तर होटल क्वारेन्टाइन अनिवार्य गर्नुपर्ने छ ।
- सेप्टेम्वर २ तारीख देखी हुने उडानको तालिका सार्वजनिक गरिएको छ । यो तालिका संकृति, प्रयटन तथा नागारिक उड्डयन मन्त्रालयले सार्वजनिक गरेको हो ।
- सेप्टेम्बर १ देखी गरिन लागेका चार्टर र नियमित उडानको लागि एउटा निश्चित नियम बनाईएको छ । जस अन्तरगत, ७२ घण्टा भित्रको पिसिआर नेगेटिभ भएको रिर्पोट हुनै पर्ने र यदी एउटै उडानमा पिसिआर र आरडिटी टेस्ट भएमा होटेल क्वारेन्टाईनमा र सबैको पिसीआर भएमा १४ दिन होम क्वारेनटाईनमा बस्नु पर्ने छ ।



**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका **UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight)** हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००


स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च

**रकम निकासा** | **खर्च भएको रकम**




accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## कोभिड - १९ विरुद्ध लड्न नेपाल सरकारलाई अन्तरराष्ट्रिय संस्थाको सहयोग

अनुदान (हरियो) | ऋण (रातो)

| संस्था | उद्देश्य | रकम | प्रकार |
|---|---|---|---|
| विश्व बैंक | रोगको जोखिम व्यवस्थापनको लागि सरकारको क्षमता बृद्धि गर्न | करिब रु. ६ अर्ब | ऋण |
| एशियाली विकास बैंक | परीक्षण प्रयोगशाला, औषधी खरिद र क्वारेन्टाईन सेवाका लागि | करिब रु. ३० अर्ब | ऋण |
| विश्व बैंक | आपतकालिन स्वास्थ्य प्रतिकार्य र स्वास्थ्य संरचना तयार गर्न | करिब रु. ३ अर्ब ४८ करोड | ऋण |
| युरोपियन युनियन | कोभिड - १९ को सामना गर्न र असर न्युनिकरण गर्न | करिब रु. १० अर्ब ६३ लाख | अनुदान |
| संयुक्त राज्य अमेरिका | वास्थ्य संरचना तयार गर्न | करिब रु. २२ करोड ८ लाख | अनुदान |
| जर्मनी | स्वास्थ्य संरचना तयार गर्न | करिब रु. १४ करोड १८ लाख | अनुदान |
| गैह्र सरकारी संथाले बजेट ट्रान्सफर गरेको | स्वास्थ्य सामाग्री, खाद्यान्न, नगदराहत र अन्य सहयोग | करिब रु. ८२ करोड ४७ लाख | अनुदान |
| विश्व बैंक | कोभिड नियन्त्रण पछी बाटोघाटो निर्माण गर्न | करिब रु. १२ अर्ब | ऋण |
| विश्व बैंक | कोभिड नियन्त्रण पछी उर्जा क्षेत्र विकासको लागि | करिब रु. ५४ अर्ब | ऋण |

यो महामारीको समयमा सरकारले बिभिन्न अन्तरराष्ट्रिय गैह्र सरकारी संस्थाहरुसंग आर्थिक सहयोगको लागि सम्झौता गरेको छ । यस मध्ये केही सहयोग प्रत्यक्ष कोभिड - १९ सम्बन्धी खर्च गर्नको लागि हो भने, बाँकी सहयोग अप्रत्यक्ष रुपमा यसको प्रकोप निवारण गर्न हो । सम्झौता अनुसार, नेपाल सरकारले स्वास्थ्य संरचना सुधार गर्न करिब रु. ५१ अर्ब २४ करोड पाउनेछ । बुझ्नुपर्ने कुरा के छ भने, सरकारले जम्मा २३ % रकम मात्र अनुदानको रुपमा पाउनेछ । बाँकी ७७% रकम ऋणको रुपमा पाउनेछ । त्यसै गरेर सरकारले करिब रु. ५४ अर्ब रकम सडक सुधारको लागि र करिब रु. १२ अर्ब रकम उर्जा क्षेत्र सुधारको लागि पाउँदैछ । यि दुबै सहयोग सरकारले ऋणको रुपमा पाउनेछ । नेपाल सरकारको लागि सबै भन्दा ठुलो दातृ संस्था विश्व बैंक हो । जस्ले एक्लै करिब ७५ अर्ब ४८ करोड ऋण सहयोग उपलब्ध गराउँदैछ ।

नोट: हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

# फ्रन्टलाईनर्स भोईसेस

## बिना राना



उप-प्रमुख सैनामैना नगरपालिका, रुपन्देही

"सैनामैनामा ४६ जनामा कोरोनाको संक्रमण पुष्टि भएको छ । ति मध्ये ३६ जना होम आइसोलेशनमा छन । २ जना आइसोलेसनमा र ४६ जना क्वारेन्टाईनमा रहेका छन । भित्र भित्र म पनि कुनै बेला संक्रमित हुन सक्छु भन्ने डर लागिरहे पनि आफ्नो जिम्मेवारीमा निरन्तर खटिरहेकी छु । अहिले होम आइसोलेसनमा बसेकाहरुलाई भेट्न र आत्मबल बढाउनका लागि घरदैलोमै पुगिरहेकी छु । कोरोनाको संक्रमण बढिरहे पनि सर्वसाधारणमा डर र सचेतना किन नबढेको होला भन्ने चिन्ता लागिरहन्छ ।"

## उमा देवी थापा

स्वास्थ्य शाखा प्रमुख, सिद्धार्थनगर नगरपालिका, रुपन्देही



"नेपालमा पहिलो कोरोना पोजेटिभ देखिएपछि नै देशभर महामारीको रुप लिन्छ भन्ने लागेको थियो । सिद्धार्थनगर नगरपालिका भारत संग सिमाना जोडिएको नगरपालिका भएकाले तत्काल हेल्थ डेस्क राख्नु पर्दछ भनेर जनप्रतिनिधिह( रुलाई सुझाव दिए । अहिले नगरपालिका भित्र ९६ संक्रमित मध्ये २२ जना सञ्चो भएर घर फर्किएकाछन् भने, ७४ जना उपचाररत छन । म आफै पनि स्वास्थ्य सुरक्षा अपनाएर संक्रमितलाई परामर्श दिने, कन्ट्याक ट्रेसिङमा जाने गरेकी छु । कहिलेकाही आफनो कारणले परिवारका सदस्य संक्रमित हुने हुन कि भन्ने चिन्ता लाग्दछ । तर, विभागीय नेतृत्वमा भएका कारण सावधानीसंगै कर्तव्य निर्वाह गर्नुपर्ने दायित्व पनि छ ।"

## रामचन्द्र क्षेत्री



वडा अध्यक्ष, बुटवल उपमहानगरपालिका - ११, रुपन्देही

"जनप्रतिनिधि भएकोले हाम्रो पहिलो दायित्व भनेको जनताको सुरक्षा गर्नु हो । मैले नेतृत्व गरेको वडामा सबै भन्दा धेरै वैदेशिक रोजगारिमा गएका व्यक्ति छन् । महामारीसंगै उनिहरु नेपाल फर्किने क्रम बढ्यो । सबै एकै पटक आउँदा व्यवस्थापन गर्न अप्ठेरो भयो । तर, हामिले सुरुका दिन देखी नै उनिहरुको तथ्यांक राख्ने काम गऱ्यौ । यसले हामिलाई धेरै सजिलो बनायो । यसबाट मैले सिकेको कुरा भनेको, हमिसंग सबैखाले तथ्यांक तयारी अवस्थामा भयो भने, कठिन परिस्थितिको सामना गर्न सहज हुने रहेछ ।"

# कोभिड - १९ र सामाजिक सद्भाव



## अवधारणा

सामाजिक सद्भाव भन्नाले एक अर्का प्रतिको विश्वास र संगै कामगर्न सक्ने वातावरण हो । यसलाई दुई तरिकाले हेर्न सकिन्छ । एउटा, सरकार र जनता विचको विश्वास र अर्को, जनता-जनता बिचको सम्बन्ध । सरकार र जनता बिचको सम्बन्धमा, जनतालाई सरकार मेरो हो भन्ने महसुस हुनुपर्दछ । यो, जनताको सरकार प्रती कत्तिको विश्वास छ भन्ने कुरामा निर्भर रहन्छ । त्यसै गरेर विभिन्न सांस्कृतिक, धार्मिक र वर्गिय समुह विचको सम्बन्धले पनि सामाजिक सद्भावलाई परिभाषित दर्गछ ।

चलनचल्तीमा सामाजिक सद्भाव शब्द प्रयोग गर्ने गरिन्छ । जसले जनता आपसमा मिलेर बस्नु पर्दछ भन्ने अवधारणाल( ई अंगिकार गर्दछ । राज्यको जनता प्रतिको दायित्व र राज्यलाई जवाफदेही बनाउन जनताको भुमिका पनि त्यत्तिकै महत( वपूर्ण हुन्छ । त्यसैले, अहिले आएर सामाजिक सद्भाव भन्दा सामाजिक सहभाव बढी सान्दर्भिक हुन्छ भन्ने विषयमा बहस सुरु भईसकेको छ ।

## कोभिड - १९ ले सामाजिक सद्भावमा पारेको असर

अहिले हात मिलाउने, अंकमाल गर्ने र अन्य सामाजिक कृयाकलाप कम भएकाछन् । त्यसै गरेर, छलफलहरु भएका छैनन् । जसले गर्दा सामाजिक दुरी बढेको छ । रोगको संक्रमण यो समुहले ल्यायो त्यसैले मलाई सऱ्यो भन्ने खालका आरोप प्रत्यारोप लागिरहेका छन् । संक्रमण सबैलाई लाग्न सक्छ भन्ने सोचाईको कमी छ । सबै खाले हिंसा बढेको छ । कोभिड भन्दा पनि अरु बिरामीले व्यक्तिको ज्यान गएको छ । पिछडिएका समुदायले प्रयाप्त सेवा पाएका छैनन् । देश-देश बिचमा पनि समन्वयको कमी देखिन्छ । यसरी हेर्दा, कोभिड - १९ ले सामाजिक सद्भावमा नकारात्मक प्रभाव पारेको प्रष्ट देख्न सकिन्छ ।

## के कारणले सामाजिक सद्भाव बिग्रीरहेको छ त ?

अहिलेको परिस्थितिमा सामाजिक सद्भाव बिग्रीनुको प्रमुख कारण गलत समाचर प्रवाह हुनु हो । जसले गर्दा सरकार वा कुनै समुदायले यस्तो गऱ्यो त होला नी भनेर अड्कलबाजी गर्ने संस्कारको विकास हुँदै जान्छ र अन्तत्त अविश्वासको वातावरण सृजना भएर सामाजिक सद्भाव खल्बलीने सम्भावना बढी रहन्छ । त्यसै गरेर कहिलेकाही राजनीतिक कारण र क्षणिक फाईदा लिने होडका कारण पनि सामाजिक सद्भाव बिग्रीन जान्छ । जुन अहिले कोभिड - १९ को समयमा पनि देखिएको छ ।

## सामाजिक सद्भाव कायम गर्न के गर्ने ?

१. स्थापित विभेदपूर्ण नीति परिवर्तन गर्ने
२. सरकार र जनताको विचको विश्वासको वातावरण बनाउने
३. तथ्य सहितको सूचना प्रवाह गर्न प्रविधिको प्रयोग गर्ने
४. आम सञ्चार माध्यमको गुणस्तर र क्षमता विकास गर्ने
५. नागरिक शिक्षा र सहभागिता बढाउने




प्रस्तुत सामाग्री भाष्कर काफ्ले संगको छलफको आधारमा तयार गरिएको हो । काफ्ले संयुक्त राष्ट्र संघिय विकास कार्यक्रम अन्तरगत सामाजिक सद्भाव विषय हेर्ने कार्यक्रमका नेश्नल प्रोजेक्ट म्यानेजर हुनुहुन्छ ।

सही सूचना

# अझै २० देखी ४० वर्ष उमेर समुहमा अधिक संक्रमण देखिएकोले समुदायमा संक्रमण फैलिने डर कायमै छ

नेपालमा उमेर समुह अनुसार कोभिड - १९ संक्रमितको संख्या




माथिको ग्राफले नेपालमा उमेर समुह अनुसार कोभिड - १९ संक्रमितको संख्यालाई देखाउँछ । सबै भन्दा बढी संक्रमितहरु २१ देखी ३० वर्ष उमेर समुहका रहेकाछन् । त्यस पछी ३१ देखी ४० वर्ष उमेर समुहमा बढी संक्रमण देखिएको छ । त्यसै गरेर जोखिम उमेर समुह ० देखी १० वर्ष र ६० वर्ष भन्दा माथी उमेर समुहमा पनि संक्रमणको दर बढी देखिन्छ । बढी संक्रमित देखिएको उमेर समुह वैदेशिक रोजगारीमा जाने उमेर समुह पनि हो । तर, अन्य उमेर समुहमा देखिएको संक्रमणले भने समुदाय स्तरमा ठुलो मात्रामा संक्रमण फैलिएको बुझ्न सकिन्छ । तुलनात्मक रुपमा सबै उमेर समुहका महिला भने कम मात्रामा संक्रमित भएको देख्न सकिन्छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि अगस्त महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

@CivicActionTeams @civacts @CivActs